आज मिति २०८१/०१/०९ गते आईताबारका दिन यस जिरी नगरकार्यपालिकाको १०१ औं वैठक नगर प्रमुख श्री मित्र बहादुर जिरेलज्यूको अध्यक्षतमा तपसिल बमोजिमको उपस्थितिमा बसी निम्न विषयहरुमा छलफल गरी देहाय बमोजिमको निम्न निर्णय गरियो ।

**तपसिल**

| क्र.सं. | नाम थर | पद | हस्तक्षर |
|---|---|---|---|
| १ | मित्र बहादुर जिरेल | नगर-प्रमुख | |
| २ | कृष्णमाया बुढाथोकी | नगर उप-प्रमुख | |
| ३ | आङ पासाङ शेर्पा | वडा अध्यक्ष १ नं. वडा | |
| ४ | डिमपल्दे शेर्पा | वडा अध्यक्ष २ नं. वडा | |
| ५ | खेटराज घिमिरे | वडा अध्यक्ष ३ नं. वडा | |
| ६ | पदेमान जिरेल | वडा अध्यक्ष ४ नं. वडा | |
| ७ | नर बहादुर जिरेल | वडा अध्यक्ष ५ नं. वडा | |
| ८ | मरिज बहादुर खड्का | वडा अध्यक्ष ६ नं. वडा | |
| ९ | शान्त नेपाली | वडा अध्यक्ष ७ नं. वडा | |
| १० | कृष्ण कुमार खत्री | वडा अध्यक्ष ८ नं. वडा | |
| ११ | ज्ञानु पाखीन | वडा अध्यक्ष ९ नं. वडा | |
| १२ | डिम्मुलु शेर्पा | नगरकार्यपालिका सदस्य | |
| १३ | शान्ती कार्की | नगरकार्यपालिका सदस्य | |
| १४ | गेम कुमारी समाल जिरेल | नगरकार्यपालिका सदस्य | |
| १५ | कल्पना जिरेल | नगरकार्यपालिका सदस्य | |
| १६ | सुसा जिरेल | नगरकार्यपालिका सदस्य | |
| १७ | विर बहादुर जिरेल | नगरकार्यपालिका सदस्य | |
| १८ | साङ्गे शेर्पा | नगरकार्यपालिका सदस्य | |
| १९ | पुरुषोत्तम सापकोटा | सदस्य सचिव | |

## १०१ औं नगर कार्यपालिका वैठकका निर्णयहरु

**निर्णय नं. १** जिरी नगर कार्यपालिकाको १०० औं वैठकबाट भएका निर्णयहरुको कार्यान्वयनको अवस्था बारे वैठकमा जानकारी गराई समीक्षा गरियो ।

**निर्णय नं. २** जिरी नगरपालिकाको नगर शिक्षा समितिको मिति२०८१/०१/०२ गतेको सिफारिसमा सामान्य परिमार्जन गरी देहाय बमोजिम विद्यालय कक्षा तथा तह मिलन तथा शिक्षक व्यवस्थापन गर्ने निर्णय गरियो ।

| क.स | विद्यालयको नाम | कायम हुने विवरण | निर्णयहरु |
|---|---|---|---|
| १. | श्री गबुटार प्रा.वि जिरी १ | इसिडी र १ कक्षा मात्र सञ्चालन गर्ने | हाल यस विद्यालयमा कक्षा ३ सम्म पठनपाठन हुँदै आएकोमा विद्यार्थी संख्या न्युन हुँदै गएको हुँदा उक्त विद्यालयमा इसिडी र १ कक्षा मात्र सञ्चालन गर्ने गरी कार्यरत स्थायी शिक्षक श्री छत्र बहादुर कार्की र श्री मिङ्गुरमा शेर्पालाई गजाङढुङ्गा मावि जिरी १, मा दरबन्दी कायम हुने गरी सरुवा पदस्थापन गर्ने |
| २. | श्री सूर्योदय प्रा.वि जिरी ३ | इसिडी र १ कक्षा मात्र सञ्चालन गर्ने | यस विद्यालयमा कक्षा ३ सम्म पठनपाठन हुँदै आएकोमा विद्यार्थी संख्या क्रमिक रुपमा कम हुँदै गएको हुनाले उक्त विद्यालयमा कक्षा घटाइ इसिडी र १ कक्षा मात्र सञ्चालन गर्ने गरी यस विद्यालयमा कार्यरत राहत शिक्षक श्री यतन बहादुर बस्नेतलाई श्री देउराली प्रा.वि जिरी, ४ मा र श्री देउराली प्रा.वि जिरी, ४ मा कार्यरत स्थायी शिक्षक श्री बिमला कार्कीलाई जिरी मावि जिरी, ६ मा दरबन्दी कायम हुने गरी सरुवा पदस्थापन गर्ने |
| ३. | श्री हलेश्वर आ.वि जिरी ३ | | यस विद्यालयमा कक्षा ३ सम्म पठनपाठन हुँदै आएकोमा सोही कक्षा सम्म कायम राखी विद्यार्थी संख्यालाई आधार मानी स्थायी शिक्षक श्री शान्त कुमार कार्कीलाई वौद्धभुवनेश्वरी मावि जिरी २ मा दरबन्दी कायम हुने गरी सरुवा पदस्थापन गर्ने |
| ४. | श्री वज्युस्थान प्रा.वि जिरी ७, | इसिडी र १ कक्षा मात्र सञ्चालन गर्ने | हाल यस विद्यालयमा कक्षा ३ सम्म पठनपाठन हुँदै आएकोमा विद्यार्थी संख्या कम हुँदै गएको सन्दर्भमा कक्षा घटाइ उक्त विद्यालयमा इसिडी र १ कक्षा मात्र सञ्चालन गर्ने गरी कार्यरत स्थायी शिक्षकहरु श्री धन बहादुर खत्रीलाई दुङ्गेश्वरी मावि जिरी ५ मा, श्री लाल बहादुर जिरेललाई श्री ठूलोचौर प्रावि जिरी ८ मा, श्री ठूलोचौर प्राविमा कार्यरत स्थायी शिक्षक श्री सपना परियारलाई श्री माथिल्लो सिकी प्रावि जिरी ७ मा र श्री माथिल्लो सिकी प्राविमा कार्यरत राहत शिक्षक श्री संगीता खतिवडालाई श्री दुङ्गेश्वरी मावि जिरी ५ मा दरबन्दी कायम हुने गरी सरुवा पदस्थापन गर्ने |
| ५. | श्री कालिदेवी आ.वि जिरी ८, | कक्षा ५ सम्ममात्र सञ्चालन गर्ने | जिरी नगरपालिकामा सञ्चालित यस विद्यालयमा कक्षा ८ सम्म कक्षा सञ्चालन हुँदै आएको सन्दर्भमा विद्यार्थी संख्या न्युन भइ सोको आधारमा कक्षा तथा तह घटाइ कक्षा ५ सम्म मात्र सञ्चालन गर्ने, उक्त विद्यालयमा भएका २ वटा निमावि राहत दरबन्दीमा कार्यरत शिक्षकहरु श्री आनन्द कुमार ओलीलाई श्री कालिका मावि जिरी ९ र श्री तिलक कार्कीलाई श्री ठूलोपातल मावि जिरी ९ मा र सोही विद्यालयमा रिक्त रहेको निमावि राहत दरबन्दी श्री धनमाले आ.वि जिरी ८ मा कायम हुने गरी सरुवा पदस्थापन गर्ने |
| ६. | श्री देउराली आ.वि जिरी ८, | कक्षा ५ सम्ममात्र सञ्चालन गर्ने | जिरी नगरपालिकामा सञ्चालित यस विद्यालयमा कक्षा ८ सम्म कक्षा सञ्चालन हुँदै आएको सन्दर्भमा विद्यार्थी संख्या न्युन भएकोले सोको आधारमा कक्षा तथा तह घटाइ कक्षा ५ सम्म मात्र सञ्चालन गर्ने |

**निर्णय नं. ३** यस नगरपालिकाको आ.व.२०८१/०८२ को वार्षिक योजना तर्जुमा गर्न देहाय बमोजिमको कार्ययोजना स्वीकृत गरी सोही बमोजिम योजना तर्जुमा कार्य अघि बढाउने निर्णय गरियो । साथै आ.व. २०८१/०८२ को योजना तर्जुमा मार्गदर्शन स्वीकृत गर्ने निर्णय गरियो ।

**जिरी नगरपालिका**

आ.ब. २०८१/०८२ को वार्षिक योजना तर्जुमा कार्ययोजना

| क्र स | क्रियाकलाप | मिति | जिम्मेवार शाखा/निकाय | सहयोगी शाखा/निकाय | सहभागीहरू | अनुगमन |
|---|---|---|---|---|---|---|
| १ | अर्धवार्षिक समीक्षा तथा योजना तर्जुमा अभिमुखिकरण गोष्ठी | २०८१।१।१८ | योजना शाखा | प्रशासन शाखा/आ.प्र.शाखा | कार्यपालिका सबै, वडा सचिव, वडा प्राविधिक, शाखा प्रमुख सबै, अन्य आमन्त्रित अतिथि | नगर प्रमुख, नगर उप-प्रमुख, प्र.प्र.अ. |
| २ | टोल/बस्ती स्तरमा योजना संलग्न/छनौट | २०८१।१।२० देखि २०८१।१।३१ सम्म | सम्बन्धित वडा समिति | सम्बन्धित वडा सचिव/वडा प्राविधिक | सामुदायिक संघ, संस्था, (टोल विकास संस्था, आमा समूह, युवा क्लव, बाल क्लव, सरकारी कार्यालय, सहकारी संस्था,विद्यालय, लक्षित समुदायका प्रतिनिधि, नागरिक समाजका प्रतिनीधि आदि) | नगर प्रमुख, नगर उप-प्रमुख, प्र.प्र.अ., सम्बन्धित वडा अध्यक्ष |
| ३ | वडा स्तरीय योजना प्राथमिकीरण | २०८१।२।७ गते भित्र | सम्बन्धित वडा समिति | सम्बन्धित वडा सचिव/वडा प्राविधिक | | नगर प्रमुख, नगर उप-प्रमुख, प्र.प्र.अ. |
| ४ | आर्थिक विकास समितिमा विषयगत छलफल तथा योजना मस्यौदा तयार | २०८१।२।८ गते | सहकारी शाखा | कृषि, पशु शाखा प्रमुख र अन्य सम्बन्धित शाखा प्रमुखहरू | सहकारी संस्थाका प्रतिनिधि, उ.ब.संघ, होटल व्यवसायी संघ, कृषि समूह, अगुवा कृषक, पर्यटन व्यवसायी, वित्तीय संस्थाका | नगर प्रमुख, नगर उप-प्रमुख, प्र.प्र.अ. |

CamScanner

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | प्रतिनिधि, अगुवा उद्योगी आदि | |
| ५ | सामाजिक विकास समितिमा विषयगत छलफल एवम् योजना तथा कार्यक्रमको मस्यौदा तयार | २०८१।२।९ गते | स्वास्थ्य शाखा | शिक्षा, महिला विकास, पंजिकरण शाखा प्रमुख र अन्य सम्बन्धित शाखा प्रमुखहरू | मा.वि.का.प्र.अ., जिरी अस्पताल प्रमुख, स्वास्थ्य संस्था प्रमुख, महिला संजाल, आमा समूह, म.स्वा. स्वयंसेविका प्रतिनिधि, अपाङ्ग संघका प्रतिनिधि, दलित संस्थाका प्रतिनिधि, जेष्ठ नागरिक संस्थाका प्रतिनिधि, बाल क्लवका प्रतिनिधि, गैर स.स. प्रतिनिधि आदि | नगर प्रमुख,नगर उप-प्रमुख,प्र.प्र.अ. |
| ६ | पूर्वाधार विकास समितिमा विषयगत छलफल एवम् योजना तथा कार्यक्रमको मस्यौदा तयार | २०८१।२।१४ गते | प्राविधिक शाखा | योजना शाखा प्रमुख, प्रशासन शाखा, सम्बन्धित शाखा प्रमुख | प्रदेश पूर्वाधार कार्यालय, सडक डिभिजन कार्यालय, सिचाई कार्यालय, खानेपानी कार्यालय, जिरी प्राविधिक शिक्षालय, भवन कार्यालय, इलाका हुलाक कार्यालय, स्थानीय संचार माध्यम प्रतिनिधि आदि | नगर प्रमुख, नगर उप-प्रमुख, प्र.प्र.अ. |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७ | वन, वातावरण तथा विपद व्यवस्थापन समितिमा विषयगत छलफल एवम् योजना तथा कार्यक्रमको प्रस्ताव मस्यौदा तयार | २०८१।२।१६ गते | वातावरण शाखा | प्रशासन शाखा, प्राविधिक शाखा र सम्बन्धित शाखा प्रमुख | इलाका वन कार्यालय, भू-संरक्षण कार्यालय, उ.वा. संघ, इलाका प्रहरी कार्यालय, नेपाली सेना प्रतिनिधि आदि | नगर प्रमुख, नगर उप-प्रमुख, प्र.प्र.अ. |
| ८ | सुशासन तथा संस्थागत विकास समितिमा विषयगत छलफल तथा योजना तथा कार्यक्रम मस्यौदा तयार | २०८१।२।१७ गते | प्रशासन शाखा | राजश्व उप-शाखा, आ.प्र. शाखा अन्य सम्बन्धित शाखा | स्थानीय बैंकका प्रतिनिधी लेखा समितिका सबै सदस्य आदि | नगर प्रमुख, नगर उप-प्रमुख, प्र.प्र.अ. |
| ९ | गैर सरकारी संस्थाको योजना तथा कार्यक्रमको छलफल | २०८१।२।१८ गते | महिला विकास शाखा | योजना शाखा, पंजिकरण शाखा र अन्य सम्बन्धित शाखाहरू | नगर क्षेत्रमा क्रियाशिल सबै गै.स.स. का प्रतिनिधि आदि | नगर प्रमुख,नगर उप-प्रमुख,प्र.प्र.अ. |
| १० | स्थानीय राजश्व समितिमा आर्थिक ऐनको मस्यौदा तयार | २०८१।२।२० गते | राजश्व उपशाखा | प्रशान शाखा, आ.प्र. शाखा, IT शाखा | राजश्व परामर्श समिति सदस्य सबै | नगर प्रमुख, नगर उप-प्रमुख, प्र.प्र.अ. |
| ११ | लेखा समिति बैठक | २०८१।२।२१ गते | आ.प्र. शाखा | प्रशासन शाखा र अन्य सम्बन्धित शाखा प्रमुखहरू | लेखा समितिका सदस्य सबै र अन्य आमन्त्रित प्रतिनिधि | नगर प्रमुख, नगर उप-प्रमुख, प्र.प्र.अ. |
| १२ | विधायन समितिको बैठक | २०८१।२।२२ गते | प्रशासन शाखा | सम्बन्धित शाखा प्रमुख सबै | विधायन समितिको सदस्य र अन्य आमन्त्रित प्रतिनिधि आदि | नगर प्रमुख, नगर उप-प्रमुख, प्र.प्र.अ. |
| १३ | न्यायिक समितिको बैठक | २०८१।२।२३ गते | न्यायिक समितिको सचिवालय | प्रशासन शाखा | समितिका सदस्य र अन्य आमन्त्रित प्रतिनिधि आदि | नगर प्रमुख, नगर उप-प्रमुख, प्र.प्र.अ. |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १४ | बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट एकिकृत योजना तर्जुमा गर्ने। | २०८१।२।२४ गते देखि २६ गते भित्र | आ.प्र. शाखा | राजश्व उप-शाखा, योजना शाखा, प्रशासन शाखा र अन्य सम्बन्धित शाखा प्रमुख | समितिका सदस्य र अन्य आमन्त्रित प्रतिनिधि आदि | नगर प्रमुख, नगर उप-प्रमुख, प्र.प्र.अ. |
| १५ | बजेट तथा कार्यक्रम कार्यपालिकाबाट स्वीकृती | २०८१ जेठ मसान्त भित्र | प्रशासन शाखा | सम्बन्धित शाखा प्रमुख सबै | कार्यपालिका सदस्य सबै | नगर प्रमुख,नगर उप-प्रमुख,प्र.प्र.अ. |
| १६ | बजेट तथा कार्यक्रम नगर सभा समक्ष पेश | २०८१ असार १० गते | प्रशासन शाखा | सम्बन्धित शाखा प्रमुख सबै | नगर सभा सदस्य | नगर प्रमुख, नगर उप-प्रमुख, प्र.प्र.अ. |
| १७ | नगरसभाबाट बजेट तथा कार्यक्रम स्वीकृती | २०८१ असार २० गते भित्र | प्रशासन शाखा | सम्बन्धित शाखा प्रमुख सबै | नगर सभा सदस्य | नगर प्रमुख, नगर उप-प्रमुख, प्र.प्र.अ. |

**निर्णय नं. ४** यस नगरपालिका भित्र विभिन्न व्यवसाय गरी रहेका ठूलो संख्यामा व्यवसायहरु यस नगरपालिकामा व्यवसाय दर्ता गर्न बाँकी रहेको पाईएको हुँदा सम्वन्धित व्यवसायीहरुलाई नियमानुसार व्यवसाय दर्ता गर्न सार्वजानिक सूचना जारी गर्ने साथै यहि मिति २०८१/०१/२६ गते जिरी बजारमा व्यवसाय दर्ता शिविर संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५** यस नगरपालिकाको चा.लु.आ.व.२०८० ०८१ को लागि स्वीकृत पशु र कृषि क्षेत्रमा महिला आय आर्जन कार्यक्रम अन्तर्गत प्रति वडा २-२ लाख विनियोजन भएकोमा सम्वन्धित वडा समितिको निर्णय बमोजिमको कार्यक्रम सम्वन्धित शाखासंगको समन्वयमा कार्यान्वयन गर्न सम्वन्धित वडालाई जिम्मेवारी दिने निर्णय गरियो ।

**निर्णय नं. ६** यस नगरपालिका वडा नं. १ स्थित स्टोन पार्कमा निर्माण गरिएको गुरु रिम्पोंक्षको प्रतिमाको प्राण प्रतिष्ठान (राब्ने) कार्यक्रमको लागि श्यामा शेर्पा किदुकको पत्रबाट आर्थिक सहयोग माग भएकोमा कला संस्कृति संरक्षण संवर्दन शीर्षकबाट रु. १,५०,०००।-(एक लाख पचास हजार) उक्त संस्थालाई उपलव्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ७** यस नगरपालिकाको झोलुङ्गे पुल कार्यक्रम अन्तर्गत देहायका योजनाको विस्तृत परियोजना प्रतिवेदन (DPR ) समेत भई सकेको हुँदा उक्त योजना कार्यान्वयन गर्न सम्वन्धित निकायमा अनुरोध गर्ने निर्णय गरियो ।

| सि.नं. | पुलको नाम | ठेगाना |
|---|---|---|
| १ | खोलेन्डे ट्रष पुल | खोल्मेखोला जि.न.पा. ८, दोलखा |
| २ | ढुङ्गेखोला इम्बा ट्रेलवृज | ढुङ्गेखोला जि.न.पा. १, दोलखा |

| | | |
|---|---|---|
| ३ | जिरीखोला ट्रष | जिरीखोला जि.न.पा.५ र ७ दोलखा |
| ४ | ढुङ्गेखोला केशरे ट्रष | ढुङ्गेखोला जि.न.पा. १, दोलखा |
| ५ | घोडखोला ट्रेल बृज | घोडखोला जि.न.पा.१, दोलखा |

**निर्णय नं. ८** यस नगरपालिकाका वडा नं. ६ हाटडाँडा मा निर्माण भएको रेलिङ र होडिङ बोर्ड स्ट्याण्ड निर्माणको भुक्तानी निमित सार्वजानिक सम्पतिको मर्मत सम्भार खर्चबाट र जिरी हाटडाँडा खण्डमा निर्माण भएको गेटको भुक्तानी मेला, जात्र, पर्व महोत्सवबाट वील बमोजिमको रकम भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ९** यस नगरपालिका वडा नं.९ गरीवसंग विश्वेश्वर कार्यक्रम अन्तर्गत विनियोजित वजेटबाट वडा समितिको निर्णय बमोजिम मिनि टिलर खरिद गरी वितरण गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०** पिपुल्स हाईड्रोपावर कम्पनीसंग CRS अन्तर्गत भएको सम्झौता बमोजिम हालसम्म निकासा भएको रकमबाट वडा नं. ८ र ९ समितिको सिफारिस बमोजिम योजना कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११** यस नगरपालिकाको दीर्घकालिन क्लिन जिरी, ग्रिन जिरी, अर्गानिक जिरीलाई कार्यान्वयनमा लैजाना विषयगत कार्यक्रम सहितको कार्यक्रम कार्यान्वयन कार्ययोजना तयार गर्न गुगल व्यावसायिक कन्सल्टेन्सी प्रा.लि.का परामर्श दाताबाट तयार गरेको प्रतिवेदन उपर छलफल गरियो साथै उक्त कार्य गरे वापत सम्झौता बमोजिमको रकम सम्वन्धित परामर्शदातालाई भुक्तानी दिने निर्णय गरियो ।

CamScanner